सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# २०७८ कार्तिक –पौष मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

नेपाल सरकार
कृषि तथा पशुपंक्षि विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, ओखलढुङ्गा

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

# स्वत प्रकाशन

## (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानुनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षकहरू उल्लेख गरिएका छन् ।यस प्रकाशनमा यस परियोजना कार्यान्वयन एकाइ ओखलढुङ्गाको आ.व. २०७८।७९ को कार्तिक देखि असोजको अवधिमा सम्पादित प्रमुख कार्यहरू समावेश गरिएको छ ।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाइ, ओखलढुङ्गा ।**

**मिती: २०७८।१०।१०**

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

# विषय सूची


१. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ........ 1

१.१ परिचय ........ 1

१.२ परियोजनाको सोच, लक्ष्य, उद्देश्य ........ 1

१.३ परियोजना सन्चालनको अवधारणाः ........ 1

१.४परियोजनाको रणनीति ........ 2

१.५परियोजनाका सम्भागहरुः ........ 2

१.६. परियोजना सम्भागहरुबिच अन्तरसम्बन्ध ........ 2

१.७ परियोजना दस्तावेजमा व्यवसायिक कृषि उत्पादन तथा प्रशोधनकेन्द्र (जोन) विकास कार्यक्रम ........ 4

१.८ कृषि विकास रणनीति र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बिच अन्तरसम्बन्ध ........ 4

१.९ पन्ध्रौं योजना र परियोजना ........ 5

२. परियोजना कार्यान्वयन एकाइ, ओखलढुंङ्गा ........ 6

२.१ परिचय ........ 6

२.२ कृषकहरुको आयस्तर अभिबृद्धि गर्न जोन कार्यक्रमकाका उद्देश्यहरु ........ 6

२.३. जोन कार्यालयबाट पाइने सेवा सुविधाहरुको विवरण ........ 6

२.४ जोनहरुको संक्षिप्त परिचय ........ 7

२.५ परियोजना कार्यान्वयन इकाइको दरबन्दि विवरण ........ 8

२.६हाल कार्यरत कर्मचारीहरुको विवरण ........ 8

३. दोश्रो त्रैमासिक प्रगति विवरण ........ 9

३.१ आ.व. २०७७/७८ को दोश्रो त्रैमासिक प्रगती ........ 9

३.२ आ.ब.०७७/७८ को वार्षिक प्रगति ........ 9

३.४ आ.व. २०७८।७९ को कार्तिक देखि पौष सम्म सम्पन्न भएको मुख्य मुख्य कार्यक्रमहरू ........ 13

४. सूचना अधिकारी र प्रमुखको नाम र पद ........ 14

५. कार्यालय सम्बन्धी सुचना सम्प्रेशण ........ 14

६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख ........ 14

७.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ 14

८. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ 15


रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

९. सार्वजनिक निकायको वेवसाइटः............................................................................................................ 15

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
ओखलढुंगा
(कार्यक्षेत्र ओखलढुंगा र सोलुखुम्बु)

ग

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

परियोजना कार्यान्वयन एकाइ

# १. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## १.१ परिचय

करिब ६५ प्रतिशत जनशक्ति क्रियाशिल रहेको तथा राष्ट्रको अर्थतन्त्रको मेरुदण्ड रहेको नेपालको कृषि क्षेत्रमा सिमान्तकृत कृषक तथा निर्वाहमुखि कृषि प्रणालिको बाहुल्यता, तीव्र गतिमा बढेको अव्यवस्थित सहरीहरणबाट कृषि योग्य उर्वर भूमिको भौतिक संरचनामा रुपान्तरण तथा जमिनको बढ्दो खण्डिकरण, सकृय जनशक्तिको पलायन, कृषि क्षेत्रमा बढ्दो उत्पादन लागत, बाली विवधिकरण, प्रतिस्पर्धी क्षमता तथा कृषि उपजको बजारीकरण तथा बजारमुखि उत्पादन आदि नेपालको कृषि क्षेत्रका मुख्य चुनौतीहरु रहेको अवस्थामा नेपालले अन्तराष्ट्रिय समुदायमा गरेका सन्धी सम्झौता दीगो विकास लक्ष्य २०३० तथा राष्ट्रिय नीतिहरुलाई समेतलाई मध्य नजर गर्दै कृषि उत्पादनलाई प्रतिस्पर्धात्मक, व्यवसायीकरण गर्दै औद्योगिकरणको जग बसाल्न तथा रोजगारीको सृजना, खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउन कृषि पेशामा युवा आकर्षण बढाइ सम्मानित पेशा बनाइ कृषि क्षेत्रको आधुनीकिकरण मार्फत राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउन अपरिहार्य छ ।यीनै आवश्यकतालाई मुर्त रुप दिन कृषि उत्पादनका आवश्यक प्रविधि तथा सामाग्रीको व्यवस्था, कृषि उत्पादनमा यान्त्रीकरण तथा प्रशोधन, बजरीकरणमा पूर्वाधारको व्यवस्था जस्ता कृषि क्षेत्रको आधुनिकीकरण मार्फत कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गराउने मार्गचित्रप्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनाले देखेको छ ।

स्वदेशीसोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट तयार भएको एवं दीगो आत्मिनभर्र एवं व्यावसायिक कृषिक्षेत्रकोपरिकल्पना सहित कृषिविकासको२०वर्षे रणनीती(ADS) (२०१५-२०३५) कार्यान्वयनकोसहयोगी परियोजनाको रुपमा नेपाल सरकारले २०७३ श्रावण–२०८२ असार(१० बर्ष) को लागि “प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना" को शुरुवात गरेको हो ।

## १.२ परियोजनाको सोच, लक्ष्य, उद्देश्य

सोच

- कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

लक्ष्य

- समग्र कृषि मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मुख दिगो आर्थिक अवसरहरु सृजना गरि राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने ।

उद्देश्य

- प्रमुख कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्ने
- निर्यात योग्य कृषि बस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
- कृषि लाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने, र
- बहुसरोकारवाला निकायहरु बिचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

## १.३ परियोजना सन्चालनको अवधारणाः

- कृषियोग्य जमिनको चकलाबन्दी
- बिशिष्टिकृत व्यावसायीकरण

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

- उन्नत प्रविधि र गुणस्तरिय पुर्वाधार विकास
- अन्तराष्ट्रियरुपमावजारमा प्रतिस्पर्धिकृषि र औद्योगीकरण
- उपलब्धीमा आधारित सहजिकरण (Smart Output based Facilitation)

## १.४परियोजनाको रणनीति

१. भूमिको बैज्ञानिक उपयोग
२. आधुनिक कृषि प्रविधिहरुको अवलम्बन
३. कृषिमा यान्त्रीकरण
४. कृषि उपजहरुको प्रशोधनतथा बजारीकरण पूर्वाधारहरुको विकास
५. कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकीकरण
६. प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन
७. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि
८. वातावरण परिवर्तन अनुकुलीत कृषि प्रणाली अवलम्बन

## १.५परियोजनाका सम्भागहरुः

- साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम
- व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम
- व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम
- वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्यागिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम

## १.६. परियोजना सम्भागहरुबिच अन्तरसम्बन्ध

यस परियोजनामा रहेका सम्भागहरुमा उत्पादन बृद्धि तर्फ पकेट इकाई, व्यवसायिक उत्पादनका लागि ब्लक इकाई, मूल्य अभिबृद्धि र बजारीकरणका संरचना सहितको उत्पादन क्षेत्रलाई जोन इकाई र कृषिजन्य उद्योग सहितको विशेष उत्पादन क्षेत्रलाई सुपरजोन इकाईको रुपमा रहेका छन् । बाली/वस्तु विशेषका पकेट तथा ब्लकहरुबाट उत्पादित उत्पादन सोही बाली/वस्तुका जोन/सुपरजोनमा रहने कृषि बजार एवं प्रशोधन उद्योगको लागि कृषि उपज तथा कच्चा पदार्थको रुपमा कार्य गर्ने तथा यसबाट बजारमुखि उत्पादन गर्न पकेट तथा ब्लकलाई प्रोत्साहन मिल्ने हुँदा दोहोरो अन्तरसम्बन्ध रहन्छ ।

यस परियोजनाका सम्भागहरुमा समावेश नभएका कृषकहरुले समेत यस्ता सम्भागहरुमा विकास भएका प्रविधिको अवलम्बन गरी लाभ लिन सक्नेछन तथा यस्ता कृषकहरुबाट अन्य कृषकहरुले तथा समग्र क्षेत्रले लाभ लिइ परियोजनाको spillover effect मार्फत आर्थिक समृद्धिको ढोका खुल्ने छ। परियोजनाका बिभिन्न सम्भागहरुबिचको कार्यमूलक अन्तरसम्बन्ध तल दिइएको छ ।

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

**सुपरजोन**

- औद्यौगिक कार्यः अन्तिम रुपमा उपभोग्य वस्तुको उत्पादन
- अनुसन्धान कार्यः नव प्रवर्द्धन तथा अनुसन्धान
- शैक्षिक कार्यः मानव संशाधन विकास
- वजारीकरण कार्यः प्रशोधित उपजको बजारीकरण
- नियामक कार्यः गुणस्तर नियन्त्रण र अनुसन्धान

**जोन**

- बजारीकरण कार्यः कृषि उद्योगजन्य उद्योगका लागि आवश्यक कच्चा पदार्थको बजारीकरण
- प्रशोधन कार्यः उद्योग संचालनका लागि आवश्यक कच्चा पदार्थ उत्पादनका लागि प्रथमिक प्रशोधन
- भण्डारण कार्यः संकलन
- श्रोत केन्द्र विकास कार्यः उत्पादन सामग्री उत्पादन

**ब्लक**

- उद्यम विकास कार्यः फर्म रजिष्ट्रेशन तथा कृषि व्यवसाय विकास
- वृद्धि प्रबर्द्धन कार्यः उत्पादकत्व अभिवृद्धि
- मानव श्रोत साधन व्यवस्थापन कार्यः कृषि उद्यम विकास
- प्रदर्शन तथा प्रविधि हस्तान्तरण कार्यः सहभागितात्मक व्यवसायिक उत्पादन प्रदर्शन

**पकेट**

- उत्पादन कार्यः कृषि वस्तुहरुको प्राथमिक उत्पादन
- प्रविधि प्रसार कार्यः नविनतम कृषि प्रविधिको प्रसार



रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

## १.७ परियोजना दस्तावेजमा व्यवसायिक कृषि उत्पादन तथा प्रशोधनकेन्द्र (जोन) विकास कार्यक्रम

राष्ट्रिय प्राथमिकता र स्थानिय सभ्यताका आधारमा तोकिएको पूर्वाधार हरु भएको र तोकिएको बाली / वस्तुमा न्यूनतम ५०० हेक्टरमा संञ्चालन भएको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्रका रुपमा जोनहरु रहेछन् । कृषि क्षेत्रको आधुनिकरणमा योगदान पुऱ्याउने गरी जोनमा समावेस गरिएका बाली / वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्दि गर्नु , जोन क्षेत्रमा कृषि यान्त्रिकरण , कृषि पूर्वाधार विकास एवंम व्यावसायिकरण प्रर्वधन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापना मार्फत कृषि आधुनिकीकरणको आधारशिल तयार गर्ने जस्ता व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम संञ्चालनका उदेश्यहरु रहने छन् ।

परियोजना अवधिमा सम्भाव्यताका आधारमा जोनहरुको संख्या न्यूनतम ३०० पुऱ्याइने छ । सम्बन्धित संञ्चालक समितिको सहमति तथा सम्बन्धित परियोजना कार्यन्वयन ईकाइको सिफारिशमा परियोजना व्यवस्थापन इकाइले आपसका जोडिएका क्षेत्रहरु समेटि जोन क्षेत्र विस्तार गर्न सक्नेछ । यस कार्यक्रमबाट व्यबसायिक कृषक समुहहरु तथा सहकारीहरु,जलउपभोक्ता समितिहरु, निजी कृषि उद्यमी तथा व्यबसायीहरु ( कानुन बमोजिम दर्ता भएका कम्पनीहरु) लाभान्वित हुनेछन् ।

जोन क्षेत्रमा रासायनिक तथा प्राङ्गरिक मल , उन्नत तथा हाइब्रिड बिउ बिजन, रसायनिक एवं जैविक विषादिहरु लगायतका उत्पादन सामग्रीहरुमा तोकिएको बमोजिम अनुदान सहयोग उपलब्ध गराइने छ । जोनमा सम्वन्धित बाली / वस्तुमा सहभागीतात्मक व्यबसायिक उत्पादन प्रविधि प्रर्दशन संचालन गरिने छ भने उत्पादन प्रविधि , बजारीकरण, मूल्य श्रृङखला विकास लगायतका विविध पक्षहरु समेटिने गरी स्थलगत तालिम कार्यक्रम संचालन गरिने छ । यान्त्रिकरण प्रर्वधनका लागी उत्पादन देखी बजारीकरण सम्म आबश्यक पर्नै सबै प्रकारका मेशीनरी औजार उपकरणको सेट सहितको सेवा उपलब्ध गराउन Custom Hiring Centre स्थापनाका लागी पुँजीगत अनुदान उपलब्ध गराइने छ । त्यस्तै,व्यवसायीकरणका लागी प्राथमिक प्रशोधन केन्द्र ,गोदाम घर , ग्रेडिङ लगायतका उत्पदानोपरान्त आवश्यक पुर्वाधारहरु रहेको एक पोष्ट हार्भेप्ट सेन्टर निर्माण गरिने छ । पुर्वाधार विकास सहयोग तर्फ लिफ्ट सिंचाई डिप तथा स्यालो टुबवेलजडान, सिंचाई कुलो मर्मत तथा सुधार, आबश्यक कृषि पुर्वाधारहरु (community seed banks, processing, grading and packaging units, marketing infrastructures, CAESC Infrastructures\Laboratories) लगायतमा सहयोग पुऱ्याइने छ। साथै प्राङ्गारीक मल कारखाना, टिस्युकल्चर ल्याव , हाइटेक नर्सरी लगायतका पुर्वाधार निर्माणमा सहयोग पुऱ्याइने छ।

## १.८ कृषि विकास रणनीति र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बिच अन्तरसम्बन्ध

नेपालको कृषि क्षेत्रलाई मार्गनिर्देश गरी बलियो कृषि अर्थतन्त्र तथा रोजगारी सृजना, श्रमिक र जमिनको उत्पादकत्व बृद्धि, ग्रामिण विकास, व्यापमर सनतुलन, जलवायु परिवर्तन, उत्पादन, वितरण तथा प्रशोधन जस्ता कृषिक्षेत्रभित्रकमा जटिलताहरुको सम्बोधनबाट नेपालको कृषिक्षेत्रलाई आत्मनिर्भर, प्रतिस्पर्धी, समावेसी, दीगोपन तथा खाद्य तथा पोषण सुरक्षाको परिकल्पना कृषि विकास रणनीतिले गरेको छ। यी परिकल्पनालाई मूर्त रुप दिन एडीएसले चार रणनीतिक सम्भागहरु सुशासन, उत्पादकत्व, नाफामुलक व्यवसायीकरण र प्रतिस्पर्धी क्षमतामा बृद्धि मार्फत आधार कार्यक्रम, खास महत्वका कार्यक्रम, र अन्य कार्यक्रमहरु मूफत कार्यान्वयन गरिने तय गरिएको छ । खास महत्वका कार्यक्रम अन्तर्गत खाद्य तथा पोषण सुरक्षा कार्यक्रम, विकेन्द्रित विज्ञान, प्रविधि र शिक्षा कार्यक्रम, मूल्य श्रृङ्खा विकास कार्यक्रम र नव प्रवर्तनकारी तथा कृषि उद्यम कार्यक्रम गरी चारवटा कार्यक्रम रहेका छन् । कृषि विकास रणनीतिको रणनीतिक उद्देश्य हासिल गर्न कृषि मूल्य श्रृङ्खलाका विवध अवयवहरुको उचित संयोजन मार्फत कृषि क्षेत्रलाई प्रत्यक्ष उद्योगसंग आवद्ध गराइ कृषिको औद्योगिकरण तथा व्यवसायीकरण गर्न सहयीगी निकायका रुपमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको विकास गरिएको छ । एडीएस मा परिकल्पीत कार्यक्रमहरु प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले आत्मसात गरेको छ जुन यस प्रकार रहेको छ ।



रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

१. खाद्य तथा पोषण सुरक्षा कार्यक्रमः पकेट, ब्लक, जोन र सुपरजोनहरुमा कृषिजन्य उत्पादन बृद्धिका कार्यक्रम सन्चालनबाट खाद्य तथा पोषण सुरक्षा सुनिश्चित पार्ने ।
२. विकेन्द्रित विज्ञान, प्रविधि र शिक्षा कार्यक्रमःकृषिस्नातकहरुलाई ईन्टर्नकोरुपमा सेवा प्रदान गर्ने व्यवस्था गरि कृषि शिक्षालाई प्रत्यक्ष रुपमा कृषिप्रसारसँग जोडीएको ।
३. मूल्य श्रृङ्खखा विकास कार्यक्रमःपरियोजनावाट पकेट, ब्लक, जोन र सपु रजोनहरुको स्थापनाबाट कृषि उपजका मूल्य श्रृङ्खखा विकासगरीएको,कृषि उद्योगहरुको स्थापना, आवश्यकता अनुसार बालीहरुको मूल्य श्रृंखला विकास, स्थानीय बालीहरुको पकेट स्थापना र मूल्यश्रृंखला ।
४. नव प्रवर्तनकारी तथा कृषि उद्यम कार्यक्रमः व्यवसाय विकास सेवा केन्द्रहरुको स्थापना, साना तथा मझौला व्यवसायहरुको स्थापना, लक्षित वर्गको लागि अनुदान, नया प्रविधिकोआयात ।
५. विकेन्द्रित शिक्षा, विज्ञान प्रविधि तथा प्रसार कार्यक्रमःब्लक, जोन र सुपर जोनहरुमा कृषि शिक्षा, प्रसार तथा अनुसन्धान इकाईहरुको स्थापना तथा सञ्चालन।

## १.९ पन्ध्रौं योजना र परियोजना

कृषि विकास रणनीतिको सहयोगी परियोजनाको रुपमा कार्यान्वयनमा रहेको यस परियोजनाले कृषि, पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको व्यवसायीकरण,यान्त्रिकीकरण र विविधीकरणगरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ। परियोजनाका चार सम्भागहरु पकेट, ब्लक, जोन र सुपरजोनको माध्यमबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी देशलाई विभिन्न बाली, वस्तुहरुमा आत्मनिर्भरता तर्फ उन्मुख गराउन यस परियोजनालेसहयोगगर्नेछ। पन्ध्रौं योजनाले यस परियोजनालाई कृषि क्षेत्रको रुपान्तरणकारी आयोजनाको रुपमा पहिचान गरेको छ।

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

# २. परियोजना कार्यान्वयन एकाइ, ओखलढुंङ्गा

## २.१ परिचय

“व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम सन्चालन कार्यविधि-२०७३" अनुसार राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यतका आधारमा सडक, सिंचाइ, विद्युत को पहुँच भएको वा हुन सक्ने, वित्तीय संस्थाहरुको पहुँच र बजारको उपलब्धता भएको तथा तोकिएको क्षेत्रफल चाक्लाबन्दी भएको र तोकीएको बालीमा न्यूनतम ५०० हे मा सञ्चालन भएको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र लाइ जोन भनिन्छ ।विभिन्न जोन क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने प्रशासनिक एकाइलाई परियोना कार्यन्वयन एकाइ भनिन्छ । आ.व. २०७४/७५ सालबाट सोलुखुम्बु जिल्लामा सुन्तला जोन कार्यक्रम सञ्चालनमा आएपश्चात आ.व. २०७५/७६ मा अदुवा/बेसार जोन र आ.व. २०७६/७७ मा किवी जोन सञ्चालनमा आएको थियो भने ओखलढुङ्गा जिल्लामा आ.व. २०७५/७६ मा आलु जोन संचालन हुदै आएकोमा र आ.व. २०७७/७८ मा सोलुखुम्बु जिल्ला र ओखलढुङ्गाको परियोजा कार्यान्वयन एकाइ गाभिएर परियोजना कार्यान्वयन एकाइको मुकाम ओखलढुङ्गा र प्रविधिक एकाइ सोलुखुम्बुमा रही कार्य सञ्चालन गर्दै आएको छ । आ.व. २०७८/७९ बाट ओखलढुङ्गा जिल्लामा बाख्रा जोन र सोलुखुम्बु जिल्लामा स्याउ/ओखर जोन स्वीकृत भै आएको छ । हाल यस परियोजना कार्यान्वयन एकाइ बाट काम कार्वाहि हेर्ने गरि परियोजना कार्यान्वयन एकाई ओखलढुंगामा आलु र बाख्रा जोन त्यसैगरी जोन प्राविधिक एकाई सोलुखुम्बुमा किवि, अदुवा/वेसार, स्याउ/ओखर जोन सञ्चालन हुदै आएको छ भने सुन्तला जोन परियोना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम अनुसरणमा गएको छ।

प्रत्येक जोन क्षेत्रमा सूचिकृत कृषक समूह, कृषि सहकारी, कृषि उद्यमीहरुबाट छानिएका व्यक्तिको प्रतिनिधित्वबाट ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय जोन सञ्चालक समिति गठन हुन्छ ।

## २.२ कृषकहरुको आयस्तर अभिबृद्धि गर्न जोन कार्यक्रमकाका उद्देश्यहरु

- जोनमा समावेसविशिष्टिकृतबालीहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
- जोन क्षेत्रमा कृषि यान्त्रीकरण,कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रबर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापनामार्फत कृषि आधुनिकीकरणको आधारशिला तयार गर्ने
- जोन तथा आसपासका क्षेत्रहरुमा रोजगारी श्रृजना गर्ने ।
- कृषि सहकारी/कृषक समूह/कृषि उद्यमीहरुको व्यवसायिक क्षमता अभिवृद्धि गरि बजारमुखि उत्पादनमा जोड दिने।
- कृषि आधुनिकीकरण मार्फत कृषिलाई सम्मानित पेशा बनाउदै आतमनिर्भर कृषि अर्थतन्त्रको आधारशिला निर्माण गर्ने

## २.३. जोन कार्यालयबाट पाइने सेवा सुविधाहरुको विवरण

| सि. नं | विवरण | सहजिकरण (Facilitation) |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु स्रोत केन्द्र शांत केन्द्र(वीउ, वेर्ना, विरुवा, लगायत) | ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | ५० प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरु | ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | ८५ प्रतिशत |

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

## २.४ जोनहरुको संक्षिप्त परिचय

| जोन/सुपरजोन | स्थापना वर्ष | परियोजनापूर्वको क्षेत्रफल(हे) | परियोजनापूर्वको उत्पादकत्व (मे.टन/हे) | जोन/सुपरजोनलेढाकेको २०७७/७८ सम्मको क्षेत्रफल(हे) वा पशुको हकमा संख्या | जोन/सुपरजोनकोहालको उत्पादन(मे.टन) | हालकोउत्पादकत्व (मे.टन/हे) | कमाण्ड क्षेत्र (पालिकाको नाम, वडा आदि) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| सुन्तला | २०७३/७४ | ८३ | ६.८४ | ४६२ | १३४३ | ८.५ | थुलुङ दुधकोसी गा.पा२, ३, ६, ७र८ माप्या दुधकोशी गा.पा ४ र ५ | |
| अदुवा/बेसार | २०७५/७६ | ९८ | | २६० | ५७२० | २२ | थुलुङ दुधकोसी गा.पा १, २, ३, ४, ५ र ९ नेचासल्यान गा.पा र सोताङ्गगा.पाका सबै वडा | |
| किवी | २०७६/७७ | ७५ | | १३९ | २५ देखी ३० | ७(५ वर्ष पुरानो बोट १२) | सोलु दुध कुण्ड न.पा, थुलुङ दुधकोसी गा.पा र नेचासल्यान गा.पाकासबै वडा | |
| स्याउ/ओखर | २०७८/७९ | | | | | | सोलु दुधकुण्ड नगरपालिका वडा न ८ र ९, थुलुङ्ग दुधकोशी गाँउपालिकावडा न १, लिखुपिके गाँउपालिका वडा न १ र ३ | |
| बाखा | २०७८/७९ | ३७५६ | | | | | मानेभन्जायङ्ग गाँउपालिका वडा न २, ३, ५, ६, ७, ८ र ९ , सुनकोशीगाँउपालिका बाट वडा न १, २, ३ र ४ | |
| आलु | २०७४/७५ | ७९१ | | १७५८ | ४५८०४ | २६.०५५ | सिद्धिचरण न.पा. वडा नं. ५, ६, ७ मोलुङ गा.पा. वडा नं. ६, ७, ८खिजीदेम्बा गा. पा.वडा नं. ६, ७, ८, ९ र चिशंखुगढी गा पा ७ | |

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

## २.५ परियोजना कार्यान्वयन इकाइको दरबन्दि विवरण

| परियोजना कार्यान्वयन एकाइ, ओखलढुंगा | | |
|---|---|---|
| वरिष्ठ कृषि अधिकृत रा.प.द्वि (प्रा.) कृषि सेवा-१ | | |
| **प्राविधिक एकाइ सोलुखुम्बु** | **प्रविधि विस्तार शाखा ओखलढुङ्गा** | **आर्थिक प्रशासन शाखा** |
| कृषि अधिकृत(रा.प.तृ. प्रा.) कृषि सेवा-१ | कृषि अधिकृत(रा.प.तृ. प्रा.) कृषि सेवा-१ | लेखापाल (रा.प.अनं. प्र.) -१ |
| नायब प्राविधिक सहायक (रा.प.अनं द्वी)-६ | पशु विकास अधिकृत(रा.प.तृ. प्रा.) कृषि सेवा-१ करार | नायब सुब्बा (रा.प.अनं. प्र.) -१ |
| कार्यालय सहयोगी सेवा करार- १ | नायब प्राविधिक सहायक (रा.प.अनं द्वी)-४ | कार्यालय सहयोगी — २सेवा करार |

## २.६हाल कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारीको नाम | पद | स्थायी ठेगाना | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | श्री रोशन अधिकरी | वरिष्ठ कृषि अधिकृत | सुन्दरबजार न.पा. ३, लम्जुङ्ग | MSc. Bioscience for Sustainable Agriculture |
| २ | श्री डा.सुनिता पाण्डे | कृषि अधिकृत | | MSc. Ag |
| ३ | श्री राजेन्द्र राजभण्डारी | नायब सुब्बा | सिद्धिचरण न.पा.११ | १०+२ |
| ४ | श्री गोबिन्द बहादुर श्रेष्ठ | लेखापाल | रामप्रसाद राई गा.पा.४ | १०+२ |
| ५ | श्री सरिता दाहाल | ना.प्रा.स. | सिद्धिचरण न.पा.४ | JTA |
| ७ | श्री लीला कुमार श्रेष्ठ | ना.प्रा.स. | चिसंखुगढी गा.पा.२ | JTA |
| ८ | श्री संजय बस्नेत | ना.प्रा.स. | सोलु दु.न.पा.११ | JTA |
| ९ | श्री भिम प्रसाद भट्टराई | ना.प्रा.स. | नेचासल्यान गा.पा.३ | JTA |
| १० | श्री कविता मगर | ना.प्र.स. | सोलु दु.न.पा.८ | १०+२ JT |
| ११ | श्री सुष्मा राई | ना.प्रा.स. | माप्य दुधकोशी गा.पा ५ | JTA |
| १२ | श्री पार्वता बस्नेत | ना.प्रा.स | सोताङ्ग गा.पा. ५ | JTA |
| १३ | श्री जनक तामाङ्ग | ह.स.चा. | सिद्धिचरण न.पा.८ | १०+२ |
| १२ | श्री मिन बहादुर बानिया | का.स. | सिद्धिचरण न.पा.९ | १०+२ |
| १३ | श्री मनोज खड्का | का.स | सोलु.दु.न.पा.११ | १०+२ |
| १४ | श्री कल्पना गुरुङ्ग | का.स | सिद्धिचरण न.पा.११ | SEE |
| १५ | श्री सन्तोष नाछिरिङ्ग | का.स. | सोताङ्ग गा.पा.५ | SLC |

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

# ३. दोश्रो त्रैमासिक प्रगति विवरण

## ३.१ आ.व. २०७७/७८ को दोश्रो त्रैमासिक प्रगती

**भारित प्रगति**

| | वार्षिक लक्ष्य | | | द्वितिय त्रैमासिक लक्ष्य | | | द्वितियत्रैमासिक | अर्धबार्षिक |
|---|---|---|---|---|---|---|---|---|
| | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | भारित प्रगति | |
| पूँजीगत तर्फ | ३२ | ८.२ | ७१०० | २३ | २.९ | २५ | ० | ०.७ |
| चालू तर्फ | ८०७४ | ९१.७९ | ७९३०७ | २१४५ | ३२.९८ | २८५.३५ | १८.४६ | २२.८९ |
| जम्मा | | | ८६४०७ | | | | | २३.५९ |

**वित्तिय प्रगति**

वित्तिय प्रगति विवरण

| कार्यक्रम/क्रियाकलापहरु | वार्षिक विनियोजन | द्वितिय त्रैमासिक विनियोजन | द्वितिय त्रैमासिक खर्च | खर्च प्रतिशत | अर्धबार्षिक खर्च | अर्धबार्षिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| पूँजीगत तर्फ | ७१०० | २५०० | ० | ० | ५२३.७४ | १६.९ |
| चालू तर्फ | ७९३०७ | २८५३५ | ५०८८.६३ | १७.८३ | ८७१३.३५ | २३.७ |
| | | | | | जम्मा | २३.२ |

## ३.२ आ.ब.०७७/७८ को वार्षिक प्रगति

**बजेट रु लाखमा**

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | वार्षिक लक्ष्य | | | आ. व. ०७७/०७८को प्रगति | |
|---|---|---|---|---|---|---|
| | | परिमाण | भार | बजेट | परिमाण | भारित |
| १ | २ | १० | ११ | १२ | २४ | २५ |
| अ)पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | |
| ३८परियोजना कार्यान्वयन इकाई | | | ५.९८८८ | ३१.७ | | |
| ११.३.७.८ | ल्यापटप खरिद (कार्यालय संचालन संग सम्वन्धि यन्त्र उपकरण तथामेसिन औजार) | १ | ०.१५११ | ०.८ | १ | ०.१५११ |



रोशन अधिकारी

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | बार्षिक लक्ष्य | | | आ. व. ०७७/०७८को प्रगति | |
|---|---|---|---|---|---|---|
| | | परिमाण | भार | बजेट | परिमाण | भारित |
| १ | २ | १० | ११ | १२ | २४ | २५ |
| ११.२.७.४५३ | डेस्कटप कम्प्युटर तथा प्रिन्टर सेट खरिद (कार्यालय संचालन संगसम्वन्धि यन्त्र उपकरण तथा मेसिन औजार) | १ | ०.१७ | ०.९ | १ | ०.१७ |
| ११.४.२२.३५४ | स्थानीय तहको लागत सहभागितामा बीउ श्रोत केन्द्र स्थापना (अन्यसार्वजनिक निर्माण) | १ | ५.६६७६ | ३० | १ | ५.६६७६ |
| क)पूँजीगत खर्च कार्यक्रमको जम्माः | | | **५.९८९** | **३१.७००** | | ५.९८८८ |
| आ)चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | |
| १.१.१.४ | रा.प. द्धितिय (प्रा.)(स्थायी कर्मचारी) | १ | **१.२३** | ६.५३ | १ | १.२३३७ |
| १.१.१.५ | रा.प.तृतिय (प्रा.)(स्थायी कर्मचारी) | २ | **२.२०** | ११.६४ | १ | १.०९९५ |
| १.१.१.६ | रा. प. अनं. प्रथम (प्र.)(स्थायी कर्मचारी) | २ | **१.७३** | ९.१४ | २ | १.७२६७ |
| १.२.१.१२ | स्थायी कर्मचारीको लागि स्थानीय भत्ता(स्थानीय भत्ता) | ५ | **०.४२** | २.२२ | ५ | ०.४१९४ |
| १.२.२.१ | स्थायी कर्मचारीको महंगी भत्ता(महंगी भत्ता) | ५ | **०.२३** | १.२ | ५ | ०.२२६७ |
| १.२.४.३ | मूल्याङ्कन समितिको वैठक भत्ता (भत्ता) | ३ | **०.०६** | ०.३ | ३ | ०.०५६७ |
| १.२.१०.६ | चाडपर्व तथा पालोपहराभत्ता (पालो पहरा भत्ता ) | ३ | **०.०९** | ०.४८ | ३ | ०.०९०७ |
| १.३.१.१ | निजामती कर्मचारीहरुको पोशाक खर्च(कर्मचारी पोशाक ) | ५ | **०.१०** | ०.५५ | ५ | ०.१०३९ |
| १.६.४.२ | कर्मचारीको योगदानमा आधारित विमा कोश खर्च (कर्मचारीको योगदानमाआधारित विमा कोश खर्च) | ५ | **०.०५** | ०.२४ | ५ | ०.०४५३ |
| २.१.१.८ | धाराको महसुल(धाराको महसुल) | १ | **०.१६** | ०.८४ | १ | ०.१५८७ |
| २.१.२.१ | विद्युत महशुल (विजुली महशुल) | १५०० | **०.३४** | १.८ | २८३ | ०.०६४२ |
| २.१.३.१ | जारको पिउने पानी(पिउने पानी) | ५० | **०.०६** | ०.३ | ५० | ०.०५६७ |
| २.१.६.१ | टेलिफोन महसुल (टेलिफोन महसुल) | १ | **०.२३** | १.२ | १ | ०.२२६७ |
| २.१.६.११ | संचार महशुल (टेलिफोन/ईमेल/ इन्टरनेट/हुलाक/कुरियर/ टेलिफोन महसुल) | १ | **०.२७** | १.४४ | १ | ०.२७२ |
| २.२.२.६८ | सवारीसाधनका लागि मोविल तथा अन्य लुब्रिकेन्ट(इन्धन कार्यालयप्रयोजन) | २८८ | **०.२७** | १.४४ | २८८ | ०.२७२ |
| २.२.२.९८ | कार्यक्रम संचालन तथा अनुगमनमा प्रयोग हुने मोटरसाइकलका लागिपेट्रोल इन्धन (इन्धन कार्यालय प्रयोजन) | १२०० | **०.२५** | १.३२ | १२०० | ०.२४९४ |
| २.२.२.९९ | कार्यक्रम संचालन तथा अनुगमनमा प्रयोगहुने गाडीको लागि डिजेल(इन्धन कार्यालय प्रयोजन) | ४३२० | **०.८२** | ४.३२ | ४३२० | ०.८१६१ |
| २.२.३.१५ | अन्य प्रयोजनका लागि इन्धन (इन्धन- अन्य प्रयोजन) | १८ | **०.१०** | ०.५४ | १८ | ०.१०२ |
| २.३.१.३ | दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च(सवारी साधन मर्मत) | ५ | **०.१९** | १ | ५ | ०.१८८९ |
| २.३.१.११ | चार पाग्रे सवारी साधन मर्मत(सवारी साधन मर्मत) | १ | **०.४९** | २.६ | १ | ०.४९१२ |
| २.३.२.६८ | मेसिनरी उपकरण मर्मत(मेसिनरी तथा औजार मर्मत सम्भार तथा संचालनखर्च) | १५ | **०.१४** | ०.७५ | १५ | ०.१४१७ |
| २.४.१.४ | कार्यालयका लागि स्टेस्नरी टोनर तथा अन्य मालसामान (कार्यालयमसलन्द सामान खर्च) | ५ | **०.३८** | २ | ५ | ०.३७७८ |
| १.१.[illegible] | कार्यालय मसलन्द सामान खर्च (कार्यालय मसलन्द सामान खर्च) | ३ | **०.२६** | १.३५ | ३ | ०.२५५ |



रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृ

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | बार्षिक लक्ष्य | | | आ. व. ०७७/०७८को प्रगति | |
|---|---|---|---|---|---|---|
| | | परिमाण | भार | बजेट | परिमाण | भारित |
| १ | २ | १० | ११ | १२ | २४ | २५ |
| २.४.१२.१८ | कार्यालयको लागि आवश्यक विभिन्न सामाग्री छपाई (छपाई खर्च) | ३ | **०.११** | ०.६ | ३ | ०.११३४ |
| २.४.१३.६ | कार्यालयको लागि पत्रपत्रीका तथा पुस्तकखरिद (पत्रपत्रिका तथा पुस्तिका) | ३ | **०.०६** | ०.३ | ३ | ०.०५६७ |
| २.४.१४.२ | पत्रपत्रिका, रेडियोमा विज्ञापन तथा सूचना प्रकाशन (विज्ञापन तथासुचना प्रकाशन) | ३ | **०.१०** | ०.५१ | ३ | ०.०९६४ |
| २.५.३.१६० | सेवा परामर्श (ओभरसियर अन्य) | १ | **०.३४** | १.८ | ० | ० |
| २.५.७.३ | कार्यालय सहयोगी सेवा करारमा लिने (व्यक्ति करार) | ३ | **१.३३** | ७.०२ | ३ | १.३२६२ |
| २.५.७.४ | सेवा करारका कर्मचारीलाई चाडपर्व खर्च (व्यक्ति करार) | १२ | **०.५७** | ३ | १२ | ०.५६६८ |
| २.५.७.५ | करार सेवामा कार्यरत कर्मचारीहरुका लागि पोशाक भत्ता (व्यक्तिकरार) | १२ | **०.२३** | १.२ | १२ | ०.२२६७ |
| २.५.७.१५ | सवारी चालक करारमा लिने(व्यक्ति करार) | १ | **०.५२** | २.७६ | १ | ०.५२१४ |
| २.५.७.११४ | कृषि प्राविधिक करारमा लिने (व्यक्ति करार) | ८ | **४.८३** | २५.५५ | ८ | ४.८२६९ |
| २.५.१०.२१ | सरसफाई सेवा करार (अन्य सेवा) | १ | **०.४४** | २.३४ | १ | ०.४४२१ |
| २.६.४.६१४ | प्रत्येक वडामा विमा सहजकर्ता श्रोत व्यक्ति विकास तालिम (उद्यमशिलता, रोजगारीमुलक/ सशक्तिकरण/ सिप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २ | **०.५७** | ३ | २ | ०.५६६८ |
| २.७.५.६२८ | डिजिटल कृषि तथ्याङ्क तथा वार्षिक प्रगति अभिलेखिकरण (प्रचारप्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | १ | **०.०४** | ०.२ | ० | ० |
| २.७.५.६४७ | प्रशोधन केन्द्र एवं वजारिकरण लगायतका पूर्वाधारको सम्भाव्यताअध्ययन (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | १ | **०.५७** | ३ | ० | ० |
| २.७.५.६४८ | जोन/ सुपरजोन प्रभावक्षेत्रमा क्षेत्रफल विस्तार (सुन्तला) (प्रचारप्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | १०० | **५.६७** | ३० | १० | ०.५६६८ |
| २.७.५.६५० | जोन/ सुपरजोन प्रभावक्षेत्रमा क्षेत्रफल विस्तार (अदुवा बेसार) (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | ५० | **७.०८** | ३७.५ | ३० | ४.२५०७ |
| २.७.५.६५१ | जोन/ सुपरजोन प्रभावक्षेत्रमा क्षेत्रफल विस्तार (आलु) (प्रचारप्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | १०० | **१३.२२** | ७० | ५० | ६.६१२३ |
| २.७.७.१२८ | न्यूनतम समर्थन मूल्य निर्धारणको लागि तथ्याङ्क संकलन र विश्लेषण (अध्ययन/सर्वेक्षण/अनुसन्धान) | ३ | **०.५७** | ३ | १ | ०.१८८९ |
| २.७.१५.६०३ | नीति तथा कार्यक्रम कार्यान्वयनका लागि समन्वय वैठक (स्थानीय तह रसरोकारवाला निकाय) (कृषि विकास कार्यक्रम) | ६ | **०.५७** | ३ | ४ | ०.३७७८ |
| | स्थानीय तह संगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढिकरण (कृषि विकास कार्यक्रम) | २ | **१.८९** | १० | २ | १.८८९२ |
| [illegible]५.६८७ | वाली तथा वस्तुको उत्पादकत्व निर्धारण (क्रप कटिङ्ग) (कृषि विकासकार्यक्रम) | १८० | **०.१०** | ०.५४ | १८० | ०.१०२ |



रोशन अधिकारी

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | बार्षिक लक्ष्य | | | आ. व. ०७७/०७८को प्रगति | |
|---|---|---|---|---|---|---|
| | | परिमाण | भार | बजेट | परिमाण | भारित |
| १ | २ | १० | ११ | १२ | २४ | २५ |
| २.७.१५.७०२ | क्षेत्र विस्तार हुने क्षेत्रको माटो परिक्षण सेवा (कृषि विकासकार्यक्रम) | २ | **०.३८** | २ | २ | ०.३७७८ |
| २.७.१५.७०३ | स्थानीय तहमा संचालित कृषि कार्यक्रमहरुको रिपोर्टिङ्ग (कृषि विकासकार्यक्रम) | ३ | **०.०६** | ०.३ | ० | ० |
| २.७.१५.७३७ | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (किवी) (कृषिविकास कार्यक्रम) | २० | **५.४८** | २९ | २० | ५.४७८७ |
| २.८.१.८२ | कार्यक्रम कार्यान्वयन इकाईको तर्फवाट संचालित कार्यक्रम अनुगमनतथा निरिक्षण (अनुगमन मूल्यङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | ४८ | **१.१३** | ६ | ४८ | १.१३३५ |
| २.२.२.१८ | भ्रमण खर्च (आन्तरिक भ्रमण) | ४५ | **०.७१** | ३.७८ | ४५ | ०.७१४१ |
| २.२.२.३३ | कार्यक्रम वजेट तर्जुमा तथा समिक्षा गोष्ठीमा भाग लिने(आन्तरिकभ्रमण) | ८ | **०.१५** | ०.८ | ८ | ०.१५११ |
| २.९.१.३ | बीमा सवारी साधन(वीमा सार्वजनिक सम्पति) | ६ | **०.११** | ०.६ | ६ | ०.११३४ |
| २.९.४.४ | सवारी साधन नविकरण शुल्क(नवीकरण) | ६ | **०.०९** | ०.४८ | ६ | ०.०९०७ |
| २.९.६.४ | कार्यालयमा दैनिक चियापान खर्च तथा अन्य भैपरि आउने विविध खर्च(चियापान खर्च) | १२ | **०.२७** | १.४४ | १२ | ०.२७२ |
| २.९.६.७ | नियमित स्टाफ बैठकमा हुने चियापान खर्च(चियापान खर्च) | १२ | **०.११** | ०.६ | १२ | ०.११३४ |
| ५.१.११.३४४ | चकलाबन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रवाटमाग संकलन सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग (अन्य) | ४ | **७.५६** | ४० | ४ | ७.५५६९ |
| ५.१.११.३५९ | प्यकेजिङ्ग, लेवलिङ्ग तथा पोष्टहारभेष्ट क्षति न्यूनिकरण कार्यक्रम (अन्य) | १ | **१.८९** | १० | १ | १.८८९२ |
| ५.१.११.३७१ | गत आ.ब.मा रोपिएका किवी खेतीमा थाक्रों व्यवस्थापन कार्यक्रम (अन्य) | १० | ७.५६ | ४० | १० | ७.५५६९ |
| ८.१.३.४ | कार्यालयको घर भाडा(कार्यालयको घर भाडा) | १ | १.२५ | ६.६ | १ | १.२४६९ |
| ११.३.१०.२४७ | जोन /सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग ( कृषि/ खेतीकोसाथै सिंचाई प्रयोजन र पशु चिकित्सा सम्वन्धि उपकरण तथा मेसिन औजार) | २ | ७.५६ | ४० | २ | ७.५५६९ |
| ११.४.१५.७१ | गत वर्ष विस्तार भएका क्षेत्र र नयाँ विस्तार हुने क्षेत्रमासिंचाई पूर्वाधार निर्माण (सिंचाई प्रणालीको निर्माण) | २५ | ७.०८ | ३७.५ | २५ | ७.०८४६ |
| ११.४.२२.३२३ | कृषि वजार ,भण्डारण पूर्वाधार, प्रथमिक प्रशोधन वा प्रशोधन उद्योगस्थापना (अन्य सार्वजनिक निर्माण) | २ | ३.७८ | २० | २ | ३.७७८४ |
| | परियोजना कार्यान्वयन इकाई | | ९४.०११ | ४९७.६२ | | ७६.५२१ |
| ख_ | चालु खर्च कार्यक्रमको जम्मा | | ९४.०११ | ४९७.६२ | | |
| | कुल जम्मा खर्च | | १००.००० | ५२९.३२ | | ८२.५१ |

२०७८।३।२५

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

## ३.४ आ.व. २०७८।७९ को कार्तिक देखि पौष सम्म सम्पन्न भएको मुख्य मुख्य कार्यक्रमहरु

| क्र स. | बजेट उ.शिर्षकन. | कार्तिक देखि पौष महिनामा सम्पन्न मुख्य मुख्य कार्यक्रमहरु | सम्पन्न भएका कार्यक्रमको मूख्य मूख्य उपलव्धीहरु | कैफियत |
|---|---|---|---|---|
| १ | ३१२००१०६ | आलु, स्याउ, किवि सम्बन्धि जिल्ला स्तरिय तालिम ३ वटा तालिम सम्पन्न | बिभिन्न कृषि सहकारी, समुह, फार्म बाट प्रतिनिधित्व गर्दै उन्नत प्रबिधिबाट आलु उत्पादन पुर्व मुल बिउ बाट बिउ आलु उत्पादन गर्न १९ जना किसान सक्षम भएका , उच्च घनत्वको स्याउ बगैचा स्थापना तथा ब्यवस्थापन गर्न २३ जना किसान सक्षम , किविको काँटछाँट प्रसोधन बगान ब्यवस्थापन, ग्राफ्टिङ्ग बाट बिरुवा उत्पादन गर्न २४ जना किवि किसान सक्षम भएका | |
| | | उन्नत बीउ आलु बितरण | उन्नत प्रबिधि सहित क्षेत्र विस्तार कार्यक्रम तर्फ १० टन आलुका ५ बिभिन्न जातहरुका उन्नत बिउ बितरण तथा ४ जातका आलुका PBS बिउ बितरण गरि आलुको उन्नत बीउको सुनिश्चितता | |
| | | नीती तथा कार्यक्रम कार्यन्वयनका लागि समन्वयवैठक (स्थानिय तह तथा विभिन्न सरोकारवाला निकायहरुसंग) | नितीतथा कार्यक्रम कार्यन्वयनका लागि समन्वय वैठक (स्थानिय तह तथा विभिन्नसरोकारवाला निकायहरुसंग) | |
| | | गत साल लगाईएका किविको थाक्रो ब्यवस्थापन कार्यक्रम | ९२ बटा प्रस्ताव परेकोमा फिल्ड भेरिफिकेशन कार्य सम्पन्न गरि छनौटको लागि तयार भएको | |
| | | क्षेत्र बिस्तार कार्यक्रम अन्तरगत स्याउ/ओखर, किवि र अदुवा बेसार जोन | स्याउ/ओखर जोनमा High Density बिरुमा मागमा ३७ वटा पस्तावमा २९ र किवि जोनमा ३४ वटा प्रस्तावमा फिल्ड भेरिफिकेशन कार्य सम्पन्न गरि छनौटको लागि तयार भएको | |
| | | साना सिंचाई कार्यक्रम फिल्ड स्थलगत निरीक्षण कार्यक्रम सम्पन्न | १२० वटा प्रस्ताव माथि फिल्ड भेरिफिकेशन कार्य सम्पन्न गरि छनौटको लागि तयार भएको | |
| | | बाली तथा पशुपक्षी बिमा सम्बन्धि अन्तरकृया कार्यक्रम | बाली तथा पशुपक्षी बिमा सम्बन्धि अन्तरकृया कार्यक्रम गरी बिभिन्न निकायहरु कृषि बिभाग, बिमा समिति, बिमा कम्पनिहरु, कृषि ज्ञान केन्द्र, पशु बिज्ञ केन्द्र तथा स्थानिय तहहरु बिचमा समन्वयको थालनि भएको | |

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

## ४. सूचना अधिकारी र प्रमुखको नाम र पद

क. कार्यालय प्रमुख श्री रोशन अधिकारी

ख. सूचना अधिकारी डा.श्री सुनिता पाण्डे

## ५. कार्यालय सम्बन्धी सुचना सम्प्रेशण

यस कार्यालयको कार्यक्रम सम्बन्धी सूचना यस कृषक प्रतिनिधिहरूलाई BULK SMS वाट जानकारी गराइएको छ।

यसका साथै कार्यालयको वेबसाइटhttps://piuokhaldhunga.pmamp.gov.np/राष्ट्रिय दैनिक, स्थानीयएफ.एमहरु ,कार्यालयको फेसबुक अकाउन्ट https://www.facebook.com/profile.php?id=१०००७३५२११८७७१६ कार्यालयको सूचना पाटी तथा जिल्ला स्थित सबै स्थानीय तहको Email ID मार्फत सूचनाहरू पठाएर सूचित गरिने गरिएको छ ।

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | प्राविधिक एकाइ सोलुखुम्बु | डा. श्री सुनिता पाण्डे | कृषि अधिकृत | प्रमुख |
| | | भिम प्रसाद भट्टराई | ना.प्र.स | किवि जोन |
| | | संजय बस्नेत | ना.प्रा.स | किवि जोन |
| | | सुष्मा राई | ना.प्र.स | स्याउ/ओखर जोन |
| | | कविता मगर | ना.प्रा.स | |
| | | पार्वता बास्तोला | ना.प्रा.स | अदुवा/वेसार जोन |
| १ | प्राविधिक शाखा ओखलढुङ्गा | श्री सरिता दाहाल | ना.प्रा.स | आलु/बाख्रा जोन |
| | | श्री लिलाकुमार श्रेष्ठ | ना.प्रा.स | |
| २ | प्रशासन शाखा | श्री राजेन्द्र राजभण्डारी | नायब सुब्बा | |
| ३ | आर्थिक प्रशासन शाखा | श्री गोविन्द बहादुर श्रेष्ठ | लेखापाल | |

## ७.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना नि: शुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने ।

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

## ८. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

**निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया**

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारी मार्फत वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रि सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

## ९. सार्वजनिक निकायको वेवसाइटः

यस परियोजना कार्यान्वयन इकाईको वेबसाइट https://piuokhaldhunga.pmamp.gov.np/

**प्रस्तुत विवरण कार्यालयको बेबसाइट** https://piuokhaldhunga.pmamp.gov.np/ **मा हेर्न सकिने छ ।**

**फोन नं ९८५२८४१७११, ९८५२८२८०३०, ०३७५२०७११**

**इमेल:** **pmamp.piu.ok@gmail.com**

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत